Gen Z
Movement Alliance

मिति: फाल्गुन २१, २०८२

**सम्माननीय प्रधानमन्त्री सुशिला कार्की ज्यूलाई जेन जि मुभमेन्ट अलाएन्सको खुला पत्र**

सम्माननीय प्रधानमन्त्री सुशिला कार्की ज्यू,

देशलाई संक्रमणकालीन अवस्थाबाट केही घटना बाहेक शान्तिपूर्ण र भयरहित तवरले चुनाव सम्पन्न गराएर पुनः संवैधानिक मार्गमा फर्काउन सफल हुनु भएकोमा हार्दिक बधाई तथा हृदयदेखि नै धन्यवाद। निर्वाचन हुँदैन भन्ने अनेक संशय र बाधा–अड्चनका बीच नेपालको पहिलो महिला प्रधानमन्त्रीका रूपमा यहाँको दृढ र सक्षम नेतृत्वका लागि इतिहासले यहाँलाई नमन गर्नेछ।

यहाँको एउटा प्रमुख दायित्व सक्किए पनि यहाँको निष्ठा र इमान्दारिताको परीक्षा भने सकिएको छैन। न्यायको मूर्तिका रूपमा स्थापित तपाईंको छविको सबैभन्दा ठूलो परीक्षाको घडी अब आएको छ। पुस्तौंदेखि न्यायबाट वञ्चित हामी नेपाली नागरिक तपाईंले न्याय दिनु हुन्छ भनि आशा बोकेर बसेका छौँ।

हामी कार्की आयोगको प्रतिवेदनको पर्खाइमा छौँ। आफ्ना कलीला बच्चा गुमाएका अभिभावक आमा–बुवालाई चुनाव लागेको छैन। उहाँहरू न्यायको पर्खाइमा हुनुहुन्छ। जीवित शहीद भएका घाइते साथीहरू न्यायको पर्खाइमा हुनुहुन्छ। हामी सबै नेपाली नागरिक न्यायको पर्खाइमा छौँ।के यो शासक वर्ग विधिको शासनभन्दा माथि रहने अन्यायको दुष्चक्रबाट तपाईंले हामी नेपालीलाई मुक्ति दिनु हुन्छ?

जेन जि जनआन्दोलन प्रतिको यहाँको पहिलो उत्तरदायित्व पुरा गरी कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न यहाँलाई हामी खबरदारीपूर्ण, विनम्र अनुरोध गर्दछौँ। फाल्गुन २१ को यहाँलाई धेरै धेरै बधाइ ।

**हामी फाल्गुन २२ को पर्खाइमा छौँ ...**

भवदीय,
जेन जि मुभमेन्ट अलाएन्स

Kathmandu, Nepal
movementalliancegenz@gmail.com